जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ | अंक २४ | २०८३ साल साउन २९ गते शुक्रबार (14 Aug 2026 Friday) | मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : हुलाकमार्फत् करिब १० हजार.. ३ पृष्ठमा : कोप-३१ को तयारीः जलवायु ... ३ पृष्ठमा कोलम्बियामा भूकम्पबाट...

## हराएका २६ जना मध्ये २० जना फेला

**दैनिक समाचारदाता**
**राजविराज, २८ साउन ।**

सप्तरी जिल्लाबाट दुई दर्जन महिला र बालबालिकासहित २६ जना हराएको तथ्याङ्क सार्वजनिक भएको छ । हराएका मध्ये २० जना फेला पारिएको छ भने ६ जनाको अवस्था अझै अज्ञात छ ।



जिल्ला प्रहरी कार्यालय सप्तरीद्वारा साउन १ देखि साउन २३ सम्मको सार्वजनिक सम्पादित विभिन्न कार्य तथा मासिक प्रगति विवरण अनुसार यस अवधिमा जिल्लाका विभिन्न स्थानबाट १२/१२ महिला र बालबालिका तथा १/१ बालक र पुरुष गरी कूल २६ जना हराएका थिए । जस मध्ये १० महिला, ८ बालिका र १/१ बालक र पुरुष फेला परेका छन् ।

दुई महिला र ४ बालिकाको अवस्था अझै अज्ञात रहेको र खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए । हराएका मध्ये अधिकांशको सिमावर्ती भारतीय बजारबाट सकुशल उद्धार गरिएको उनको भनाई छ ।

प्रहरी उपरीक्षक रुपक खडकाले अझै हराई रहेका ६ जनाको अवस्था पत्ता लगाउन प्रहरी सक्रिय भई लागि परेको बताए ।

कतिपय घरमा कुनै जानकारी नै नदिई रोजगारीका लागि भारतको विभिन्न शहरमा पुग्ने, कोही घर परिवारमा आर्थिक अभाव, परिवारिक समस्या, दुर्व्यहार, उचित शिक्षा दिक्षाको अभाव, प्रेम प्रसङ्ग तथा समुदाय र परिवारको चेतनास्तरको कमी लगायतका कारणले पनि घर छाडेर बेपत्ता हुने गरेको अनुसन्धानका क्रममा खुल्ने गरेको प्रहरीको भनाई छ ।

## सम्पादक श्रेष्ठलाई रिहा गर्न पत्रकार महासंघको माग

काठमाडौं, २८ साउन (रासस) ।

नेपाल पत्रकार महासङ्घले वरिष्ठ पत्रकार एवं 'जनआस्था' साप्ताहिकका प्रधान सम्पादक किशोर श्रेष्ठलाई तत्काल रिहा गर्न माग गरेको छ ।

प्रेस काउन्सिल नेपालका पूर्वकार्यवाहक अध्यक्ष श्रेष्ठलाई काठमाडौं प्रहरी परिसरको टोलीले ललितपुरको कुसुन्तीस्थित निवासबाट पक्राउ गरेको घटनाको विरोध गर्दै महासङ्घले अविलम्ब रिहा गर्न माग गरेको हो ।

महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा बिहीबार जारी विज्ञप्तिमा 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकार आचारसंहिता र संविधानविरुद्ध पक्राउ गरिएका'मा आपत्ति व्यक्त गर्दै रिहाइको माग गरिएको छ ।

सम्पादक श्रेष्ठको रिहाइको माग गर्दै महासङ्घको आह्वानमा भद्रकालीस्थित जिल्ला प्रहरी परिसर, काठमाडौंको कार्यालय अगाडि पत्रकारहरूले बिहीवार विहानदेखि धर्ना दिएका छन् ।

पत्रकार महासङ्घसहित आमसञ्चारसम्बद्ध विभिन्न सङ्घ, संस्थाका तर्फबाट समेत पत्रकार श्रेष्ठलाई पक्राउ गरिएकामा विरोध गर्दै रिहाइका लागि अनुरोध गरिएको छ ।

यसैबीच नेपाल प्रहरीले वैयक्तिक गोपनीयतासम्बन्धी उजुरीका आधारमा अदालतबाट अनुमति लिई पत्रकार श्रेष्ठलाई पक्राउ गरेको स्पष्ट गरेको छ ।

## निःशुल्क सिलाई मेसिन वितरण




**दैनिक समाचारदाता**
**राजविराज, २८ साउन ।**

सप्तरीको विष्णुपुर गाउँपालिकाले बेरोजगार महिलालाई स्वरोजगार बनाउने उद्देश्यले एक सय ५८ जना महिलालाई निःशुल्क सिलाई मेसिन वितरण गरेको छ ।

वडा नं. १ देखि ७ सम्मका बेरोजगार तथा सीप सिकेर आत्मनिर्भर बन्न चाहने महिलालाई लक्षित गरी उक्त सिलाई मेसिन बिहीबार वितरण गरिएको हो ।

गत वर्षदेखि सञ्चालन हुँदै आएको रोजगार सिर्जना तथा महिला सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिँदै यस वर्ष पनि सिलाई मेसिन वितरण गरिएको गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले जानकारी दिए ।

सिलाई मेसिन प्राप्त गरेपछि महिलाहरुले घरमै बसेर कपडा सिलाउने व्यवसाय सञ्चालन गरी आम्दानी गर्न सक्ने उनले विश्वास व्यक्त गरे ।

गाउँपालिकाले स्थानीयस्तरमै रोजगारीका अवसर सिर्जना गर्ने तथा नागरिकको आर्थिक अवस्था सुधार गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ ।

गाउँपालिकाका अनुसार रोजगार सिर्जना र जनताको आर्थिक सशक्तीकरणका लागि यस्ता कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिइनेछ ।

## बाढीको जोखिममा रहेका बनरझुल्लाबासी विपद्सँग जुध्न तयार

**बिकेएलके**
**राजविराज, २८ साउन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ बनरझुल्लाका ५० वर्षीय दिनेश कुमार रायलाई केही समय अघिसम्म बाढी, खडेरी, शीतलहर, गर्मी र असिनाबाट कसरी जोगिने भन्नेबारे खासै जानकारी थिएन ।

घपेशाले किसान रहेका रायका लागि वर्षेनी आउने बाढी र मौसमजन्य विपद् सामान्य जस्तै थियो । तर, विपद् आउनु अघि कसरी तयारी गर्ने र विपद्का बेला आफू तथा परिवारलाई कसरी सुरक्षित राख्ने भन्ने बारे भने उनी अनभिज्ञ थिए ।

अहिले उनको बुझाइ फेरिएको छ । विपद् आउनु अघि अपनाउनुपर्ने सावधानी



अनुभव सुनाउँदै दिनेश कुमार राय ।
*तस्बीर : राजविराज दैनिक*

देखि विपद्का बेला गरिने उद्धार र जोखिम न्यूनीकरणका उपायसम्म रायलाई जानकारी छ ।

मर्सीकोर्प्स नेपाल, कोका-कोला फाउन्डेसनको सहयोग तथा तिलाठी कोइलाडी गाउँपालिकाको समन्वयमा आसमान नेपालले सञ्चालन गरेको 'नेपालमा पूर्वानुमानमा आधारित पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत तालिम लिएपछि उनी सम्भावित विपद्को सामना गर्न तयार भएका छन् । "यो सबै तालिम लिएपछि मात्र थाहा पाएको हुँ, पहिला केही थाहा थिएन" रायले भने ।

तालिममा बाढी आउनु अघि गर्नुपर्ने तयारी, बाढीका बेला अपनाउनुपर्ने सुरक्षा उपाय, गर्मी र शीतलहरबाट बच्ने तरिका तथा असिनाबाट हुने क्षति न्यूनीकरणका उपायबारे जानकारी दिइएको थियो ।

तालिममा दिइएको जानकारीलाई व्यवहारमा उतार्न कृत्रिम घटना अभ्यास समेत गराइएको थियो । त्यस क्रममा डुबेको व्यक्तिलाई कसरी उद्धार गर्ने, जोखिममा

*बाँकी अन्तिम पृष्ठमा*

## चवालीस जिल्लाका १९३ स्थानमा सुपथ मूल्य पसल सञ्चालन हुने

काठमाडौं, २८ साउन (रासस) ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले सिंहदरबार परिसरमा बिक्री कक्ष सञ्चालनमा ल्याउने भएको छ । उत्पादनमा उपभोक्ताको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले कम्पनीको सातौं वार्षिकोत्सवको सन्दर्भ पारेर सो बिक्री कक्ष सञ्चालन ल्याउन लागिएको हो ।

उक्त बिक्री कक्षको बिहीवार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले उद्घाटन गर्ने कार्यक्रम छ । खाद्यान्नलगायत अत्यावश्यक उपभोग्य वस्तु सहज र सुलभ आपूर्तिमा क्रियाशील कम्पनीले बिहीबार सातौं वार्षिकोत्सव मनाउँदै छ ।

सिंहदरबारभित्र सञ्चालनमा आउने बिक्री कक्षबाट उपभोक्ताले कम्पनीको सम्पूर्ण उत्पादन सर्वसुलभ दरमा पाउन सक्ने सूचना अधिकारी माधव मिश्रले जानकारी दिनुभयो । कम्पनीले चामल, दाल, तेल, चिनी र नुनसहित स्थानीय बाली चिनो, कागुनो, फापर, सिमीलगायत खाद्यवस्तु बिक्री गर्दै आएको छ ।

यसैबीच, कम्पनीले बिहीबारदेखि देशभर सुपथ मूल्य पसल सञ्चालन गर्नेभएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*


## नेपाली जनता सबैभन्दा ठूलो मालिक हो, मालिकले जे भन्यो त्यही हुन्छ : देउवा

**दैनिक समाचारदाता**
**राजविराज, २८ साउन ।**

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले सरकारविरुद्ध आक्रामक अभिव्यक्ति दिएका छन् । 'राजा ज्ञानेन्द्रले त सकेन अरुले सक्छ ?' उनले भने, 'नेपाली जनता सबैभन्दा ठूलो मालिक हो । मालिकले जे भन्यो त्यही हुन्छ ।'

साढे ५ महिना लामो विदेश बसाइपछि बिहीबार स्वदेश फर्किएका उनले भने, "आज आफूलाई बिमानस्थलमा स्वागत गर्न आउनेहरुको भीडले हौसला मिलेको छ ।"

विमानस्थलबाट समर्थकले स्कर्टिङ गर्दै देउवालाई चुनदेवीस्थित इतर समूहको कार्यालयमा पुर्याएका थिए ।



कार्यालयको बार्दलीबाट देउवाले आफ्नो भाषणमा आफूलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा पनि मुद्दा हालिएको बताए ।

उनले भने, 'ज्ञानेन्द्रको पालामा मेरो खिलाफमा शाही आयोगमा मुद्दा गरेका हुन् । अदालतले शाही आयोग खारेज गरेर मलाई जेलबाट छुटाएको हो ।' अहिले सम्पत्ति शुद्धीकरण आयोग लगाएर आफूलाई दुःख दिइएको देउवाले बताए ।

'सम्पत्ती शुद्धीकरण आयोग एकचोटि आयो, केही छैन भन्यो । दोस्रोचोटि आयो केही छैन भन्यो । अनि उसलाई निकालिदियो,' उनले भने । देउवाले आफूमा बदलाको भावना नभएको दाबी गरे ।

'यो देशमा जनता छ । यो देशमा अदालत छ । सबैले जानेको, बुझेको छ । यिनीहरुलाई भोलि हामी देखाएर छाड्छौं,' देउवाले चेतावनीयुक्त भाषामा भने । नेपालमा प्रजातन्त्र कसैले पनि खोस्न नसक्ने उनले बताए ।

अदालतले आफूलाई पञ्चायतकालदेखि नै निष्पक्ष न्याय दिएको र अब पनि दिने उनले विश्वास व्यक्त गरे । 'भोलि फेरि पनि हामी लड्नेछौं । सत्यको जित हुन्छ,' उनले भने ।

## सम्पादकीय

### गर्मीले जनजीवन अस्तव्यस्त

विगत तिन दिनदेखी गर्मी बढेसँगै जनजीवन प्रभावित हुन थालेको छ । अत्यधिक तापक्रमका कारण दैनिक कामकाज, व्यापार-व्यवसाय, शिक्षा तथा स्वास्थ्य सेवासमेत प्रभावित भइरहेका छन् । विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक, श्रमिक तथा दीर्घरोगीहरू गर्मीको प्रत्यक्ष मारमा परिरहेका छन् । गर्मी बढ्दा शरीरमा पानीको कमी, झाडापखाला, टाउको दुख्ने, चक्कर लाग्ने, थकान तथा लू लाग्ने जस्ता समस्या देखिन सक्छन् । यस्तो अवस्थामा स्थानीय तह र सम्बन्धित निकायले खानेपानीको सहज व्यवस्था, सार्वजनिक स्थानमा शीतल पानीको प्रबन्ध तथा स्वास्थ्य संस्थामा आवश्यक औषधि र उपचारको तयारी गर्नुपर्छ ।

अत्यधिक गर्मीको समयमा अनावश्यक रूपमा दिउँसो बाहिर ननिस्कने, प्रशस्त पानी तथा झोलिलो पदार्थ सेवन गर्ने र हलुका कपडा लगाउने विषयमा जनचेतना फैलाउनु पनि उत्तिकै आवश्यक छ । विद्यालय, बजार तथा सार्वजनिक संस्थाहरूले पनि मौसमअनुकूल व्यवस्थापन गर्नुपर्छ ।

गर्मी प्राकृतिक अवस्था भए पनि यसको असरलाई कम गर्न पूर्वतयारी र जिम्मेवार व्यवस्थापन आवश्यक हुन्छ । यसका लागि जनताको स्वास्थ्य र दैनिक जीवनलाई सहज बनाउने दायित्व सरकार तथा स्थानीय तहको हो । त्यसैले गर्मीलाई सामान्य रूपमा लिएर बेवास्ता नगरी तत्काल प्रभावकारी कदम चाल्नुपर्छ । तर्सथ जनजीवन सुरक्षित र सहज बनाउन सबै पक्ष सचेत र जिम्मेवार बन्नु आजको आवश्यकता रहेको छ ।

# हुलाकमार्फत् करिब १० हजार नागरिकले पाए घरदैलोमै सेवा

काठमाडौँ, २८ साउन (रासस) ।

हुलाक सेवालाई आधुनिक, प्रविधिमैत्री र नागरिकमैत्री बनाई 'सरकारी कुरियर सेवा'का रूपमा विकास गर्ने अभियानले गति लिएको छ । सरकारी कागजात तथा सामग्री ढुवानीसँगै राहदानी, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्रलगायत सेवा नागरिकको घरदैलोसम्म पुर्याउने व्यवस्था कार्यान्वयनमा आएपछि हुलाक सेवाको प्रयोग विस्तार हुँदै गएको हो ।

नयाँ सरकार गठनपछि मन्त्रिपरिषद्को पहिलो निर्णयबाट कार्यान्वयनमा ल्याइएको 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' तथा सूचना तथा सञ्चार मन्त्रालयको कार्यक्षेत्रअन्तर्गतका प्रमुख १० कार्यमध्ये हुलाकलाई सरकारी सामग्री तथा कागजात ढुवानी सेवाका रूपमा विकास गर्ने लक्ष्यअनुसार हालसम्म उल्लेखनीय प्रगति भएको हुलाक सेवा विभागले जनाएको छ ।

हुलाक सेवा विभागकी महानिर्देशक मनमाया भट्टराई पङ्गेनीका अनुसार हालसम्म हुम्लाबाहेक अरु सबै जिल्लामा सरकारी कागजात घरमै पुर्याउने सरकारको योजना लागु भइसकेको छ । हुम्लामा पनि कार्यान्वयनको अन्तिम तयारी भइरहेको उहाँले रासससँग बताउनुभयो । सरकारी सेवा नागरिकको घरदैलोमै पुर्याउने उद्देश्यले हुलाक सेवालाई आधुनिकीकरण गर्दै राहदानी, नागरिकताको प्रतिलिपि, सवारी चालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजात र सामग्री घरघरमै पुर्याउने व्यवस्था सफल रूपमा कार्यान्वयन भइरहेको महानिर्देशक पङ्गेनीले जानकारी दिनुभयो ।

हुलाक सेवा विभागका अनुसार २०८३ साउन २७ गतेसम्म ७६ जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दुई लाख ४७ हजार ४३ थान राहदानी हुलाकमार्फत् ढुवानी गरिएको छ । तीमध्ये आठ हजार ६६९ थान राहदानी सेवाग्राहीको घरदैलोमै पुर्याएर वितरण गरिएको छ । त्यसैगरी, सवारी चालक अनुमतिपत्रतर्फ यातायात व्यवस्था विभागबाट प्राप्त १० लाख ३८ हजार ८०८ थान अनुमतिपत्र सातै प्रदेशका यातायात व्यवस्था कार्यालयमा हुलाकमार्फत् पुर्याइएको छ । तीमध्ये एक हजार ९९ थान अनुमतिपत्र सेवाग्राहीको घरदैलोमै पुर्याइएको विभागले जनाएको छ ।

सवारी चालक अनुमतिपत्र घरदैलोमै पुर्याउने उद्देश्यले कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र हुलाक निर्देशनालय, सुर्खेतबीच समझदारीपत्रमा हस्ताक्षर भई सेवा सुरु भइसकेको छ । सुदूरपश्चिम प्रदेशमा पनि यस्तै सेवा विस्तार गर्न छलफल भइरहेको विभागले जनाएको छ ।

शैक्षिक प्रमाणपत्र घरदैलोमै पुर्याउने व्यवस्थाअन्तर्गत नेपाल खुला विश्वविद्यालय र हुलाक सेवा विभागबीच गत असार ८ गते सम्झौता भई सेवा कार्यान्वयनमा आएको छ । त्रिभुवन विश्वविद्यालयसँग पनि यस्तै सम्झौताका गर्नका लागि छलफल भइरहेको छ । स्वास्थ्य क्षेत्रमा पनि हुलाक सेवाको प्रयोग विस्तार भएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सम्झौताअनुसार १७ वटा अस्पतालका एक हजार ४८० वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ । स्वास्थ्य, शिक्षा तथा सूचना केन्द्रसँग भएको सम्झौताअनुसार ४४ हजार १८४ थान सामग्री पनि हुलाकमार्फत् ढुवानी गरिएको छ । यस्तै, स्वास्थ्य बीमा बोर्डसँगको सम्झौताअनुसार २८ भन्दा बढी जिल्लास्थित स्वास्थ्य बीमा कार्यालयमा १३० बोरा स्वास्थ्य सामग्री ढुवानी गरिएको विभागले जनाएको छ ।

हाल सिमकार्डबाहेक नेपाल टेलिकमका अन्य सामग्री पनि हुलाक सेवामार्फत् ढुवानी भइरहेको छ । भूमि व्यवस्था तथा अभिलेख विभाग र हुलाक सेवा विभागबीच साउन ८ गते सम्झौता भई जग्गाधनी पुर्जा, सरकारी कागजातलगायत सामग्री ढुवानी तथा वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

महानिर्देशक पंगेनीका अनुसार हुलाक सेवालाई अझ प्रभावकारी बनाउन देशको ठेगाना प्रणालीलाई व्यवस्थित गर्नु आवश्यक छ । बसाइँसराइ हुँदा सम्बन्धित व्यक्तिले हुलाकलाई आफ्नो नयाँ ठेगानाबारे जानकारी दिने व्यवस्था गर्न सके सरकारी कागजात तथा सामग्री सम्बन्धित व्यक्तिसम्म पुर्याउन सहज हुने उहाँको भनाइ छ । हुलाकमार्फत् सामग्री ढुवानी गर्दा आवश्यक सवारीसाधनको व्यवस्थापनमा समस्या देखिएको तथा कम्प्युटरलगायत सूचना प्रविधिका साधनको अभावसमेत रहेको उहाँले बताउनुभयो । सेवा विस्तारसँगै यस्ता पूर्वाधार र स्रोतसाधनको व्यवस्थापनमा पनि ध्यान दिनसके सरकारी कुरियर सेवा थप प्रभावकारी हुनसक्ने उहाँको भनाइ छ ।

हुलाक सेवालाई परम्परागत चिठीपत्र आदानप्रदानको माध्यममा सीमित नराखी सरकारी सेवा तथा कागजात नागरिकको घरदैलोसम्म पुर्याउने भरपर्दो सार्वजनिक सेवा प्रणालीका रूपमा विकास गर्ने प्रयास भइरहेको विभागले जनाएको छ । सेवालाई थप प्रभावकारी, छरितो र कम खर्चिलो बनाउन डाँक मार्गको पुनरावलोकन गरी गत जेठ ३१ गते स्वीकृत गरिएको छ । त्यसैगरी, हुलाक सङ्केत प्रणालीलाई सात अङ्कीय बनाउँदै आन्तरिक निगरानी प्रणालीमा समेत स्तरोन्नति गरिएको विभागले जनाएको छ । सोसम्बन्धी अद्यावधिक विवरण अन्तर्राष्ट्रिय हुलाक सङ्घमा समेत पठाइएको छ ।

वैदेशिक हुलाक सेवालाई सहज बनाउन हुलाक सेवा विभागको समन्वयमा वैदेशिक हुलाक भन्सार कार्यालय र राष्ट्रिय वाणिज्य बैंकका सेवा बिदाका दिनसमेत सञ्चालन हुने व्यवस्था मिलाइएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट वैदेशिक हुलाक सामग्रीको ढुवानीलाई थप छरितो बनाउन त्यहाँ द्रुत चेकजाँच सेवा लागू गरिएको छ ।

हुलाक सामग्रीको हवाई ढुवानी सहज बनाउन यतिलगायत विभिन्न वायुसेवा कम्पनीसँग सम्झौता तथा पूरक सम्झौता गरिएको विभागले जनाएको छ । थप अन्तर्राष्ट्रिय गन्तव्य विस्तारका लागि कतारको राष्ट्रिय वायुसेवा कम्पनीसँग पनि सहकार्यका विषयमा छलफल भइरहेको छ । नेपाल वायुसेवासँग अन्तर्राष्ट्रिय डाँक ढुवानीको रकम भुक्तानीसम्बन्धी विषयमा छलफल गरी नेपाल वायुसेवा र हुलाक सेवा विभागबीच भएको सम्झौता संशोधन गर्ने निर्णय भएको विभागले जनाएको छ । हुलाक सेवालाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार व्यवस्थित गर्न अन्तर्राष्ट्रिय हुलाक सङ्घको सन् २०२५ को निर्देशिकाअनुसार पत्र तथा पार्सलसम्बन्धी विवरण अद्यावधिक गर्ने पहिलो चरणको काम सम्पन्न भएको छ भने दोस्रो चरणको काम सुरु गरिएको छ ।

हुलाकको आन्तरिक निगरानी प्रणालीलाई थप स्तरोन्नति गरी राहदानी विभागसँग प्रत्यक्ष जोड्ने विषयमा सूचना तथा सञ्चार मन्त्रालय, सूचना प्रविधि विभाग, केन्द्रीय हुलाक कार्यालय, राहदानी विभाग र परराष्ट्र मन्त्रालयबीच छलफलसमेत भएको छ । यससम्बन्धी अध्ययन टोलीले प्रतिवेदन पेस गरिसकेको विभागले जनाएको छ ।

सरकारको नीति तथा कार्यक्रमअनुसार देशभरका हुलाक कार्यालयलाई क्रमशः 'स्मार्ट हुलाक'मा रूपान्तरण गर्ने अभियानसमेत अघि बढाइएको छ । यसका लागि आवश्यक मापदण्ड स्वीकृत गरी ५० वटा हुलाक कार्यालयलाई सूचना प्रविधिमा

*बाँकी तीन पृष्ठमा*


## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

## भू–संरक्षणमा ध्यान दिऔं

❖ भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
❖ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
❖ भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
❖ विना अनुमति गिट्टि, वालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
❖ भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
❖ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
❖ भू-संरक्षणमा समुदायको सहभागिता वढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन बोर्ड

# कोप-३१ को तयारीः जलवायु वित्तमा सहज पहुँचका लागि कूटनीतिक पहल

**प्रगति ढकाल**
काठमाडौँ, २८ साउन (रासस)।

नेपालले आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्टाल्यामा हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप-३१) मा जलवायु वित्तमा सहज पहुँचका लागि कूटनीतिक पहललाई बलियो बनाउने गरी छलफल सुरू गरेको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले आगामी कोप ३१ मा नेपालले अन्तरराष्ट्रिय जलवायु वित्तमा सहज पहुँच स्थापित गर्न आवश्यक तयारी र प्रक्रियाको सम्बन्धमा सरोकारवाला निकायबीच छलफल चलाएको हो।

मन्त्रालयका अनुसार त्यस सम्मेलनमा जलवायु न्याय र हिमाली मुद्दा प्राथमिकताका साथ उठाउने सरकारको तयारी गरिरहेको छ। राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिले पनि सरोकारवाला निकायलाई बोलाएर आगामी कोप-३१ मा नेपालको हिमाली क्षेत्रका समस्या, जलवायु न्याय, जलवायु वित्त, अनुकूलन र जलवायुजन्य जोखिमका विषयलाई प्रभावकारी रूपमा उठाउन राष्ट्रियस्तरमै समन्वय गर्न सुझाव दिएको छ।

समितिले मन्त्रालयसँग विगतका कोप सम्मेलनमा भएका निर्णय तथा सम्झौताको कार्यान्वयन अवस्था, नेपाल सरकारले गरेका कामकारवाही तथा आगामी सम्मेलनमा नेपालको सहभागिताबारे जानकारी लिएको छ।

बैठकमा समितिका सभापति कृष्णप्रसाद पौडेलले आगामी कोप-३१ का लागि नेपालको तयारीलाई परिणाममुखी बनाउँदै जलवायु वित्तमा सहज पहुँच पुऱ्याउन आवश्यक तयारी अगाडि बढाउन सरकारलाइ सुझाव दिनुभयो।

सरोकारवाला अन्तरमन्त्रालय, प्रदेश, स्थानीय तह तथा अन्य सम्बन्धित निकायबीच समन्वय बढाउँदै स्पष्ट राष्ट्रिय एजेन्डासहित अन्तरराष्ट्रिय जलवायु वार्तामा प्रस्तुत हुनुपर्ने उहाँको भनाइ छ।

संसद् सचिवालयका सचिव तथा समिति सचिव डा रोजनाथ पाण्डेले कोप-३१ मा नेपालको सहभागिताका क्रममा प्राविधिक तथा कूटनीतिक विषयलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्ने सुझाव दिनुभयो।

"प्रदेश तथा स्थानीय तहमा जलवायु अनुकूलनका कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक छ," उहाँले भन्नुभयो, "नेपालले अन्तरराष्ट्रिय जलवायु वार्तामा हिमाली क्षेत्रका विशिष्ट समस्या, जलवायुजन्य जोखिम तथा अनुकूलनका आवश्यकतालाई प्राथमिकताका साथ उठाउँदै आएको छ। आगामी कोपमा पनि ती विषयलाई थप प्रभावकारी ढङ्गले प्रस्तुत गर्न राष्ट्रियस्तरमै तयारी र समन्वय आवश्यक छ।"

सचिव पाण्डेले अन्तरराष्ट्रिय सम्मेलनमा विकसित मुलुकले जनाइएको जलवायु वित्त साहयतालगायतका अन्य प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गराउन जोडबल गर्नुपर्ने धारणा राख्नुभयो।

**जलवायु वित्तमा पहुँच बढाउने प्रयास**

अर्थ मन्त्रालयका सहसचिव तथा अन्तरराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा प्रमुख डा धनिराम शर्माले नेपालजस्ता जलवायु परिवर्तनको प्रभाव उच्च रूपमा भोगिरहेका मुलुकका लागि जलवायु वित्तमा पर्याप्त पहुँच अझ महत्वपूर्ण रहेको बताउनुभयो।

उहाँले आगामी कोप ३१ मा पनि विगतमा अन्तरराष्ट्रियस्तरमा भएका जलवायु वित्तसम्बन्धी प्रतिबद्धताको कार्यान्वयनमा जोड दिनुपर्नेमा जोड दिनुभयो।

सहसचिव शर्माका अनुसार नेपालले हरित जलवायु कोष, विश्व वातावरण सुविधा (जिइएफ), अनुकूलन कोष र क्षति तथा नोक्सानी कोषलगायत प्रमुख जलवायु कोषमा विगतको तुलनामा पहुँच बढाएको छ।

"जलवायु परियोजनाको गुणस्तर र प्रभावकारिता सुधार गर्दै अन्तरराष्ट्रिय जलवायु वित्त परिचालन गर्नुपर्ने आजको आवश्यकता हो," उहाँले भन्नुभयो, "नेपालले जलवायु न्यायको विषयलाई प्राथमिकतामा राख्दै जलवायुमा थप वैदेशिक अनुदान तथा अन्तरराष्ट्रिय स्रोत परिचालनका लागि पहल गर्न आवश्यक छ।"

**जलवायु न्यायलाई कूटनीतिक प्राथमिकता**

कृषि, वन तथा पर्यावरण मन्त्रालयको जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा महेश्वर ढकालले नेपालले विगतका कोप सम्मेलनमा जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानी तथा नोक्सानी, प्रविधि हस्तान्तरण र क्षमता विकास लगायत विषयमा आवाज उठाउँदै आएकाले आगामी कोपमा थप लभिङ गर्ने बताउनुभयो।

उहाँले जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि जोखिम उच्च रहेकाले जलवायु न्यायको विषयलाई अन्तरराष्ट्रिय कूटनीतिमा प्रभावकारी रूपमा उठाइने गरी आवश्यक तयारी सुरू भएको जानकारी दिनुभयो।

"हिमाल, हिमनदी, हिमाली पारिस्थितिक प्रणाली तथा जलसुरक्षासँग जोडिएका नेपालको विशिष्ट अवस्थालाई अन्तरराष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै जलवायु कूटनीतिलाई थप प्रभावकारी बनाउने गरी तयारी थालेका छौँ," सहसचिव ढकालले भन्नुभयो, "नेपालले जलवायु न्यायको स्पष्ट धारणा, हिमाली मुलुकका रूपमा रहेको विशिष्ट पहिचान, अन्तरराष्ट्रिय विश्वसनीयता तथा विभिन्न मुलुक र क्षेत्रीय समूहसँग सहकार्य गर्ने क्षमता रहेकाले हिमाली मुद्दामा हामी नेतृत्व गर्न सक्छौँ।"

नेपालले संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना, अति कम विकसित मुलुकको समूह तथा हिमालसम्बन्धी विभिन्न प्रक्रियामा निरन्तर सहभागिता जनाउँदै अन्तरराष्ट्रिय विश्वसनीयता कायम गरेको उहाँको भनाइ छ।

महाशाखा प्रमुख ढकालले अति कम विकसित मुलुक, विकासशील मुलुक, तथा विभिन्न क्षेत्रीय मञ्चसँग सहकार्य विस्तार गरी जलवायु वार्तामा नेपालको प्रभावकारी उपस्थिति बढाउन सकिने धारणा राख्नुभयो।

हिमाली क्षेत्रमा भइरहेको तापक्रम वृद्धि, हिमनदी पग्लने क्रम तथा हिमाली पारिस्थितिक प्रणालीमा परेको प्रभावले नेपालमा मात्र नभई तल्लो तटीय क्षेत्रमा समेत असर पार्ने भएकाले हिमाली मुद्दालाई विश्वव्यापी जलवायु बहसको केन्द्रमा लैजानुपर्ने उहाँले बताउनुभयो।

जलवायु परिवर्तन सम्बन्धी अन्तरराष्ट्रिय वार्तामा नेपालको प्राथमिकता जलवायु वित्त, अनुकूलन, क्षतिपूर्ति तथा जलवायु न्यायका विषयसँगै हिमाली क्षेत्रको संरक्षण र जल सुरक्षालाई जोडेर अघि बढाउनुपर्ने बताउनुभयो।

महाशाखा प्रमुख ढकालका अनुसार आगामी जलवायु सम्मेलनमा नेपालले आफ्ना राष्ट्रिय प्राथमिकता स्पष्ट रूपमा प्रस्तुत गर्दै समान सोच भएका मुलुकसँग सहकार्य र साझा पहलमार्फत अन्तरराष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि दबाब सिर्जना गर्न आवश्यक छ।

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनका लागि अन्तरराष्ट्रिय स्रोत, प्रविधि र क्षमता विकासमा पहुँच बढाउन नेपालको कूटनीतिक क्षमता र वार्ता रणनीतिलाई थप सुदृढ गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो।

**ऊर्जा खपत बढाउँदा हरितगृह ग्यास उत्सर्जन घटाउन सकिने**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका डा जगदीश्वर कर्माचार्यले स्वच्छ ऊर्जाको उत्पादन र खपत बढाउन सके हरितगृह ग्यास उत्सर्जन कटौतीमा सहयोग पुग्ने बताउनुभयो।

उहाँले ऊर्जा उत्पादन बढाउनुका साथै स्वच्छ ऊर्जाको आन्तरिक खपत बढाउने नीति अवलम्बन गर्नुपर्नेमा जोड दिनुभयो। नेपालको जलवायु नीति तथा न्यून कार्बन विकासको लक्ष्य हासिल गर्न ऊर्जा क्षेत्रको महत्वपूर्ण भूमिका रहेको उहाँको भनाइ छ।

**जलवायु नीति परराष्ट्र मन्त्रालयको प्राथमिकतामा**

परराष्ट्र मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकालले जलवायु परिवर्तनको असरबाट नेपालको हिमाली क्षेत्र जोखिममा रहेकाले आन्तरिक तयारीसँगै बाह्य पहललाई पनि सशक्त बनाउनुपर्ने बताउनुभयो।

जलवायु नीतिलाई परराष्ट्र मन्त्रालयको प्राथमिकतामा राखेर जलवायु न्यायका लागि कूटनीतिक पहल अघि बढाइने जानकारी दिँदै उहाँले जलवायु वित्तमा नेपालको सहज पहुँचका लागि अन्तरराष्ट्रिय तहमा आवश्यक पहल भइरहेको बताउनुभयो।

सहसचिव ढकालले भन्नुभयो, "हाम्रा हिमाल जोखिममा परेका छन्। त्यसका लागि आन्तरिक तयारी पनि गर्नुपर्छ र बाह्य पहल पनि गर्नुपर्छ।" नेपालले जलवायु परिवर्तनका कारण सिर्जित जोखिम र त्यसको समाधानका लागि अन्तरराष्ट्रिय सहकार्य तथा स्रोत परिचालनलाई कूटनीतिक प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ।

**जलवायुमैत्री पूर्वाधारमा जोड**

पूर्वाधार विकास मन्त्रालयका सहसचिव रामहरि पोखरेलले पछिल्ला पूर्वाधार निर्माणका क्रममा जलवायुमैत्री दृष्टिकोणलाई प्राथमिकता दिइएको बताउनुभयो।

उहाँका अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन (इआईए) स्वीकृति प्रक्रियालाई छिटो र प्रभावकारी बनाउने, हरित सहरको अवधारणालाई अघि बढाउने तथा विद्युतीय सार्वजनिक यातायातलाई प्राथमिकता दिने काम भइरहेको छ।

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणसँगै सहरी क्षेत्रमा वातावरणमैत्री पूर्वाधार निर्माणलाई जोड दिइएको बताउँदै सहसचिव पोखरेलले विद्युतीय सञ्चालनलाई पनि प्राथमिकतामा राखिएको जानकारी दिनुभयो।

***हुलाकमार्फत् ...***

आधारित आधुनिक हुलाकका रूपमा विकास गर्न छनोट गरिएको छ। त्यसैगरी, स्वास्थ्य सेवा विभागसँग औषधिजन्य सामग्री ढुवानीका लागि सम्झौता गर्ने विषयमा प्रारम्भिक छलफल सम्पन्न गरी आवश्यक प्रक्रिया अघि बढाइएको छ।

गैरकर राजस्व अभिवृद्धि तथा सेवा प्रवाहलाई सहज बनाउन सुरक्षण मुद्रण केन्द्रसँगको सहकार्यमा ३४ लाख ७४ हजार थान हुलाक टिकट छपाइ गरिएको छ। थप हुलाक टिकट छपाइका लागि डिजाइन स्वीकृत गरी आवश्यक प्रक्रिया अघि बढाइएको विभागले जनाएको छ। हुलाक सेवाको प्रयोग बढाउन सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय विस्तार गरिएको छ। यस क्रममा द्रुत हुलाक, पार्सल तथा पत्र सेवासम्बन्धी अन्तरक्रिया र जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका छन्।

## विश्व समाचार

### कोलम्बियामा भूकम्पबाट २६५ जनाको मृत्यु, ५०० बेपत्ता

बोगोटा, २८ साउन (रासस/क्युएनए)।

पश्चिमी कोलम्बियामा गत सोमबार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या २६५ पुगेको छ भने भग्नावशेषमा फसेका मानिसको खोजी जारी रहँदा करिब ५०० जना अझै बेपत्ता छन्। लगातार आइरहेका परकम्पले उद्धार तथा खोजी कार्यमा चुनौती थपिए पनि सुरक्षाकर्मी र उद्धारकर्मीले प्रभावित क्षेत्रमा अभियान जारी राखेका छन्।

कोलम्बियाका राष्ट्रपति अबेलार्डो डे ला एस्प्रियेलाले राज्य टेलिभिजनमार्फत सम्बोधन गर्दै भूकम्पबाट क्षतिग्रस्त अस्पताल, विद्यालय, घर तथा अन्य पूर्वाधार पुनर्निर्माणका लागि आपतकालीन कोष स्थापना गरिने बताउनुभएको छ। उहाँले विपत्तिबाट भएको क्षति सम्बोधन गर्न आर्थिक आपतकालसमेत घोषणा गर्नुभएको छ। यद्यपि उक्त घोषणाअन्तर्गत तत्काल कुन-कुन कदम चालिने भन्ने उहाँले स्पष्ट पार्नुभएको छैन।

राष्ट्रपति एस्प्रियेलाका अनुसार भूकम्पबाट प्रभावित परिवारको सङ्ख्या २५ हजार ८०० भन्दा बढी पुगेको छ। आधिकारिक विवरणअनुसार तीन हजार ७७० जना घाइते भएका छन् भने नौ हजार ५५० भन्दा बढी घरमा क्षति पुगेको छ। कोलम्बियाको प्रमुख कफी उत्पादन क्षेत्रको सहर पेरेरामा ८३ जना र देशको तेस्रो ठूलो सहर कालीमा ७४ जनाको मृत्यु भएको पुष्टि भएको छ। अन्य प्रभावित क्षेत्रमा समेत ठूलो जनधनको क्षति भएको अधिकारीहरूले बताएका छन्। कोलम्बियाको भूगर्भीय सर्वेक्षणका अनुसार मुख्य भूकम्पपछि हालसम्म १३० वटा परकम्प रेकर्ड भएका छन्। निरन्तर आइरहेका परकम्पका कारण क्षतिग्रस्त संरचनामा प्रवेश गरी भग्नावशेषमा फसेकाको खोजी गर्न उद्धार टोलीलाई कठिनाइ भइरहेको छ।

अगस्ट १० मा पश्चिमी कोलम्बियामा ७.४ म्याग्निच्युडको भूकम्प गएको थियो। भूकम्पले काली, पेरेरा र मनिजालेसलगायत सहरमा भवन, घर तथा स्वास्थ्य संस्थामा ठूलो क्षति पुऱ्याएको थियो। चोको क्षेत्रका दुर्गम बस्तीसमेत प्रभावित भएका छन्। त्यहाँ भौगोलिक कठिनाइका कारण उद्धार तथा राहत सामग्री पुऱ्याउन थप चुनौती देखिएको छ। उक्त भूकम्पलाई कोलम्बियामा २१औँ शताब्दीमा गएको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एकका रूपमा वर्णन गरिएको छ। भूकम्पबाट भएको व्यापक विनाश र त्यसपछि लगातार गइरहेका परकम्पका कारण उद्धारकर्मीले जोखिमपूर्ण अवस्थामा खोजी तथा राहत कार्य अघि बढाइरहेका छन्। सरकारले प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै ध्वस्त पूर्वाधार पुनर्निर्माणलाई प्राथमिकता दिने जनाएको छ। यसबीच बेपत्ता मानिसको खोजी, घाइतेको उपचार र विस्थापित परिवारको व्यवस्थापनलाई उद्धार तथा राहत कार्यको मुख्य प्राथमिकता बनाइएको छ।

### श्रीलङ्कामा नौ भारतीय माझी पक्राउ

कोलम्बो, २८ साउन (रासस/सिन्ह्वा)।

श्रीलङ्काली नौसेनाले श्रीलङ्काको जल क्षेत्रमा अवैध रूपमा माछा मारिरहेको आरोपमा नौ भारतीय माझीलाई पक्राउ गर्नुका साथै उनीहरूले प्रयोग गरेको माछा मार्ने डुङ्गा नियन्त्रणमा लिएको छ। नौसेनाका अनुसार बुधबार राति देशको उत्तरी क्षेत्र तालाइमन्नारस्थित उरुमलाई प्वाइन्टनजिकै गस्ती गर्ने क्रममा उनीहरू पक्राउ परेका हुन्। उनीहरू सवार डुङ्गाले अन्तर्राष्ट्रिय समुद्री सीमा रेखा पार गरी श्रीलङ्काको जल क्षेत्रमा प्रवेश गरेको नौसेनाले जनाएको छ। पक्राउ परेका माझीहरूले समुद्री सतह तथा समुद्री पारिस्थितिक प्रणालीमा क्षति पुऱ्याउन सक्ने 'बटम ट्रलिङ' विधिबाट माछा मारिरहेको पाइएको नौसेनाको भनाइ छ। पक्राउ परेका नौ माझी र नियन्त्रणमा लिइएको डुङ्गालाई थप कानुनी कारबाहीका लागि मन्नारका मत्स्य निरीक्षकसमक्ष बुझाइनेछ। मन्नार टापु र एडम ब्रिज आसपासको मन्नारको खाडी समुद्री जैविक विविधता तथा संरक्षणका दृष्टिले महत्त्वपूर्ण क्षेत्र मानिन्छ। यस क्षेत्रको पारिस्थितिक महत्त्वलाई ध्यानमा राख्दै विशेष मत्स्य व्यवस्थापन तथा वातावरणीय नियम लागू गरिएको छ।

### हर्मुज नखुलेको इरानको दाबी

तेहरान, २८ साउन (रासस/एएनआई)।

इरानले हर्मुजको जलघाँटीमा अमेरिकाको 'पूर्ण नियन्त्रण' कायम रहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दाबी अस्वीकार गर्दै रणनीतिक जलमार्ग अझै अवरुद्ध रहेको र तेहरानले राखेका सर्त पूरा नभएसम्म पूर्ण रूपमा नखोलिने जनाएको छ। यससँगै महत्त्वपूर्ण समुद्री मार्गलाई लिएर अमेरिका र इरानबीचको दाबी-प्रतिदाबी थप चर्किएको छ। पर्सियन गल्फ स्टेट अथोरिटी (पिजिएसए) ले सामाजिक सञ्जाल एक्समार्फत अमेरिकी अधिकारीहरूले हर्मुजको जलघाँटी अवरुद्ध नरहेको भन्दै गरेका दाबीले वास्तविक अवस्था परिवर्तन नगर्ने बताएको छ। संस्थाका अनुसार जलघाँटी अझै अवरुद्ध छ र इरानले राखेका सर्त स्वीकार नभएसम्म त्यसलाई पुनः खोलिने छैन। इरानको यस्तो प्रतिक्रिया राष्ट्रपति ट्रम्पले हर्मुजको जलघाँटीमा अमेरिकाको 'पूर्ण नियन्त्रण' रहेको र त्यसलाई कायम राख्ने बताउनुभएको केही घण्टापछि आएको हो। ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमा अमेरिकी नौसेनाको उपस्थितिलाई 'स्टिलको पर्खाल' को संज्ञा दिँदै इरानले त्यसविरुद्ध केही गर्न नसक्ने दाबी गर्नुभएको थियो।

# सरकारी कार्यालयमा दिइने निवेदनको ढाँचामा एकरूपता ल्याइने, मार्गदर्शन जारी

काठमाडौँ, २८ साउन (रासस)।

सरकारले सरकारी कार्यालयबाट प्रदान हुने सार्वजनिक सेवाका लागि प्रयोग हुने निवेदनको ढाँचामा एकरूपता ल्याउने उद्देश्यले मार्गदर्शन जारी गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले 'सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा तथा सोको कार्यान्वयन मार्गदर्शन, २०८३' जारी गर्दै सबै सरकारी कार्यालयमा यसको कार्यान्वयन गर्न निर्देशन दिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता हेमराज अर्यालले जानकारी दिनुभयो।

सरकारी कार्यालयबाट प्रदान गरिने समान प्रकृतिका सेवाका लागि फरक-फरक निवेदन ढाँचा प्रयोग भइरहेको अवस्थालाई अन्त्य गर्दै सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी, सेवाग्राहीमैत्री तथा सूचना प्रविधिमा आधारित बनाउन मार्गदर्शन जारी गरिएको कार्यालयले जनाएको छ।

मार्गदर्शनअनुसार सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी तथा सार्वजनिक निकायले आफूले प्रदान गर्ने प्रत्येक सार्वजनिक सेवाका लागि आवश्यक निवेदनको छुट्टाछुट्टै ढाँचा तयार गरी लागू गर्नुपर्नेछ। निवेदनको ढाँचा सरल, स्पष्ट र नेपाली भाषामा तथा आवश्यकताअनुसार अङ्ग्रेजी भाषामा समेत तयार गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्ता ढाँचालाई डिजिटल रूपमा समेत प्रयोग गर्न सकिने गरी तयार गर्नुपर्नेछ।

निवेदनको ढाँचामा सेवा प्रदान गर्ने कार्यालयको नाम, निवेदनको विवरण, माग गरिएको सेवा, आवश्यक स्वघोषणा, मिति, निवेदकको हस्ताक्षर, संलग्न गर्नुपर्ने कागजातको सूची तथा कार्यालय प्रयोजनका लागि आवश्यक अन्य विवरण अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ।

मार्गदर्शन लागू भएको मितिले सात दिनभित्र प्रत्येक सरकारी कार्यालयले कार्यालयबाट प्रवाह हुने प्रत्येक सेवाको सूची तयार गर्नुपर्नेछ। त्यसपछि प्रत्येक सेवाका लागि निवेदनको ढाँचा तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ। स्वीकृत ढाँचा कार्यालयको सूचना पाटी तथा वेबसाइटमा प्रकाशन गर्नुका साथै सेवाग्राहीलाई निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्नेछ।

सरकारले कागजरहित सेवा प्रवाहलाई मूर्तरूप दिन प्रत्येक कार्यालयले निर्धारित निवेदनको ढाँचा आफ्नो वेबसाइट, क्युआर कोड, विद्युतीय फाराम तथा डाउनलोड गर्न सकिने पीडीएफलगायत नवीनतम प्रविधिको प्रयोग गरी निवेदनको ढाँचा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ। प्रत्येक कार्यालयले सेवाग्राहीलाई निवेदन तयार गर्न, फाराम भर्न तथा आवश्यक कागजात र सेवासम्बन्धी विषयमा जानकारी दिन 'सेवाग्राही सहायता कक्ष' स्थापना गर्नुपर्नेछ। सहायता कक्षबाट प्रदान गरिने सेवा निःशुल्क हुनुपर्नेछ।

सेवाग्राहीलाई निवेदन तयार गर्ने, फाराम भर्ने वा आवश्यक कागजात मिलाउने नाममा कार्यालय परिसर वा वरिपरि अनधिकृत रूपमा शुल्क लिने वा नलिने व्यक्ति वा संस्थालाई प्रोत्साहन नगर्न पनि मार्गदर्शनले निर्देशन दिएको छ। कार्यालय परिसरमा सेवाग्राहीको पहुँचमा अवरोध पुऱ्याउने, अनधिकृत रूपमा सेवा सहजीकरण गर्ने वा आर्थिक लाभका लागि मध्यस्थता गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक व्यवस्थापकीय तथा सुरक्षा उपाय अपनाउनुपर्नेछ।

त्यस्तै, सेवाग्राहीले आफ्नै निवेदन डाउनलोड, भर्न, प्रिन्ट वा अनलाइन पेस गर्न सक्ने व्यवस्था मिलाउनुपर्नेछ। आवश्यक पर्ने कम्प्युटर, ट्याबलेट वा डिजिटल किओस्कको व्यवस्था गर्नुपर्ने तथा आफैँ सेवा लिन नसक्ने सेवाग्राहीलाई सेवाग्राही सहायता कक्षबाट प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ।

मार्गदर्शनको अनुगमन राष्ट्रिय सतर्कता केन्द्र तथा केन्द्रले तोकेको सतर्कता अधिकारीबाट हुने व्यवस्था छ। अनुगमनका क्रममा स्थलगत निरीक्षण, अभिलेख परीक्षण, विद्युतीय प्रणालीको परीक्षण तथा सेवाग्राहीको गुनासो र प्रतिक्रियालगायत माध्यमबाट कार्यान्वयनको अवस्था मूल्याङ्कन गर्न सकिनेछ।

प्रत्येक कार्यालयले मार्गदर्शन कार्यान्वयनसम्बन्धी प्रगति विवरण तीन-तीन महिनामा राष्ट्रिय सतर्कता केन्द्रले तोकेको ढाँचामा तयार गरी केन्द्रमा पठाउनुपर्नेछ। प्राप्त प्रतिवेदन तथा अनुगमनका आधारमा राष्ट्रिय सतर्कता केन्द्रले आवश्यक सुधारका लागि सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेछ।

मार्गदर्शन पालना नगर्ने, कार्यान्वयनमा लापरबाही गर्ने वा जानाजान अवरोध सिर्जना गर्ने कार्यालय वा जिम्मेवार पदाधिकारीका सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्र वा तोकिएको अधिकारीले प्रचलित कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ। उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालय वा पदाधिकारीलाई सम्बन्धित मन्त्रालयले प्रोत्साहन तथा सम्मान गर्न सक्नेछ।

मार्गदर्शनअनुसार सरकारी कार्यालयले प्रदान गर्ने सेवाका लागि आवश्यक निवेदनको ढाँचा तथा सेवासम्बन्धी विवरण कम्तीमा वर्षमा एकपटक वा आवश्यकताअनुसार अद्यावधिक गर्नुपर्नेछ। कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भए सम्बन्धित मन्त्रालय, निकाय वा स्थानीय तहले आवश्यक निर्णय गरी त्यस्तो बाधा फुकाउन सक्ने व्यवस्था पनि गरिएको छ।

# सम्पादक किशोर श्रेष्ठको पक्राउ बारे प्रेस काउन्सिल नेपालको धारणा सार्वजनिक

**दैनिक समाचारदाता राजविराज, २८ साउन।**

प्रेस काउन्सिल नेपालले जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठको पक्राउबारे धारणा सार्वजनिक गरेको छ।

काउन्सिलका प्रवक्ता दीपक खनालले बिहीबार प्रेस विज्ञप्ति सार्वजनिक गर्दै पत्रकार श्रेष्ठको पक्राउ र जनआस्था साप्ताहिकको कार्यालय खानतलासीबारे गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्।

'आस्था मिडियाका अध्यक्ष तथा जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई २०८३ साउन २७ गते बुधबार राति पक्राउ गरी उहाँको निजी निवास खानतलासी भएको र बिहीबार बिहानै उक्त सञ्चार माध्यमको कार्यालयमा हातहतियारसहित प्रवेश गरी कम्प्युटरलगायत सामग्री जफत गरिएको घटनाप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ।

नागरिकको सूचनाको हकको प्रत्याभूति प्रेस स्वतन्त्रताबाटै हुने भएकाले प्रेसको मर्यादा कायम राख्नु सम्बद्ध सबैको कर्तव्य रहेको र प्रेस स्वतन्त्रताको सदुपयोग र सम्मान हुनुपर्ने विज्ञप्तिमा उल्लेख छ।

'काउन्सिल सञ्चारकर्मको क्रममा पत्रकार/सञ्चारकर्मीद्वारा प्रस्तुत कार्यशैली, व्यवहार तथा पेसागत मर्यादा एवं आचरणप्रति पनि उत्तिकै चिन्तित छ,' विज्ञप्तिमा भनिएको छ, 'प्रेस स्वतन्त्रताको प्रयोग गर्ने नाममा हुनसक्ने स्वच्छन्दतातर्फ सबै पत्रकार/सञ्चारकर्मी सचेत हुनैपर्दछ।'

सत्य, तथ्य र सन्तुलित एवं विश्वसनीय पत्रकारिताको माध्यमबाट यसको व्यावसायिक अभ्यासलाई उच्च पेसागत मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउँदै प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिनेतर्फ सजगता अपनाउनै पर्ने विज्ञप्तिमा अगाडि उल्लेख छ।

'अतः काउन्सिलले आफ्नो क्षेत्राधिकारभित्र रहेर दुवै दृष्टिकोणबाट पत्रकार र सञ्चारमाध्यमको अनुगमन गर्दै आएको विषयलाई मध्यनजर गरी कुनै समाचारको विषयमा चित्त नबुझे काउन्सिलमा उजुरी दिन सरोकारवाला सबै पक्षमा विनम्र अनुरोध गर्दछ,' काउन्सिलले भनेको छ।

# दुई दिने बिदाको व्यवस्थालाई तत्काल पुनरवलोकन नगर्ने

**दैनिक समाचारदाता काठमाडौँ, २८ साउन।**

सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिने हालको व्यवस्थालाई तत्काल पुनरवलोकन नगर्ने स्पष्ट पारेको छ।

बिहीबार बसेको राष्ट्रिय सभाको बैठकमा सांसदहरूले उठाएका प्रश्नको प्रधानमन्त्री बालेन्द्र साहको तर्फबाट जवाफ दिँदै कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोभिता गौतमले यस्तो जानकारी दिएकी हुन्।

अन्तर्राष्ट्रिय अभ्यास र आन्तरिक आवश्यकतालाई ध्यानमा राखेर यो व्यवस्था लागू गरिएको मन्त्री गौतमले बताइन्। मन्त्री गौतमले तत्कालीन समयमा इन्धन आपूर्तिमा देखिएको असहजताका कारण खपत घटाउन र सार्वजनिक प्रशासनलाई परिणाममुखी बनाउन २०८२ चैत २३ गतेदेखि यो व्यवस्था कार्यान्वयनमा ल्याइएको स्मरण गराइन्।

मन्त्री गौतमले बैठकमा भनिन्, 'कर्मचारीको कार्य-जीवन सन्तुलन मिलाउन, ऊर्जा तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्न र आन्तरिक पर्यटन प्रवर्द्धन गरी आर्थिक गतिविधि चलायमान बनाउन यो व्यवस्था प्रभावकारी देखिएको छ।'

बिहान ९ बजेदेखि नै कार्यालय खुल्ने प्रावधानले सेवाग्राहीलाई सहजता भएको र कर्मचारीको मनोबल एवं कार्यक्षमतामा समेत सकारात्मक प्रभाव परेको उनले बताइन्। विशेष गरी आन्तरिक पर्यटकको संख्यामा भएको वृद्धिले स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याएको सरकारको दाबी छ।

सांसदहरूले उठाएका चासोप्रति सरकारको ध्यानाकर्षण भएको उल्लेख गर्दै मन्त्री गौतमले भनिन्, 'विद्यार्थीहरूको चौतर्फी विकासका लागि सामाजिक घुलमिल र खेलकुद पनि उत्तिकै आवश्यक छ। हाललाई यो व्यवस्था परिवर्तन गर्ने सम्बन्धमा कुनै गृहकार्य भएको छैन।'

# बाल सुधारगृहको विस्तृत अवस्था प्रतिवेदन पेस गर्न निर्देशन

काठमाडौँ, २८ साउन (रासस)।

प्रतिनिधिसभाको महिला तथा सामाजिक मामिला समितिले देशभर सञ्चालनमा रहेका बाल सुधार गृहको भौतिक पूर्वाधार, क्षमता, जनशक्ति तथा बालबालिकाको अवस्था समेटिएको विस्तृत प्रतिवेदन ४५ कार्यदिनभित्र पेस गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको छ।

सिंहदरबारस्थित समितिमा बुधबार भएको बैठकले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई अन्य सम्बन्धित मन्त्रालय तथा निकायसँग समन्वय गरी उक्त प्रतिवेदन तयार गर्न निर्देशन दिएको हो। बैठकले मुलुकभर सञ्चालित बाल सुधार गृहमा रहेको भौतिक पूर्वाधारको अवस्था, स्वीकृत क्षमता र वास्तविक सङ्ख्या, क्षमताभन्दा बढी बालबालिका राखिएको अवस्था तथा उमेर र कसुरको प्रकृतिअनुसार उपयुक्त व्यवस्थापन भए-नभएको स्पष्ट पार्न भनेको छ।

साथै आवास तथा सरसफाइ, खानपान तथा पोषण, स्वास्थ्य सेवा, शिक्षा, मनोसामाजिक परामर्श, खेलकुद, सीप विकास, मनोरञ्जन, सुरक्षा व्यवस्था, बालमैत्री वातावरण तथा सुधार र पुनःस्थापनाका कार्यक्रमको अवस्थासमेत प्रतिवेदनमा समेट्न निर्देशन दिइएको छ। यसअघि समितिको स्थलगत अनुगमनबाट समेत कतिपय बाल सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका राखिएको, भौतिक पूर्वाधार अपर्याप्त रहेको तथा व्यवस्थापनमा समस्या देखिएकाले सुधारका लागि समितिले अग्रसरता लिएको हो।

बाल सुधारगृहको भौतिक पूर्वाधार र मानव संसाधनको विस्तृत अवस्था, देखिएका समस्या, सुधार गर्नुपर्ने क्षेत्र तथा आवश्यक कार्ययोजनासहितको प्रतिवेदन समितिसमक्ष पेस गर्न भनिएको छ। समितिका सभापति आकृति अवस्थीको सभापतित्वमा भएको उक्त बैठकले सो मन्त्रालयलाई नेपाल सरकारको मातहतमा रहेका तथा निजी एवं सङ्घसंस्थाबाट सञ्चालित बाल गृह, वृद्धाश्रम र महिला सुरक्षित आवास गृहको तथ्याङ्क सङ्कलन गर्न सुझाव दिएको छ।

## बाढीको जोखिममा ...

परेकालाई कसरी सुरक्षित स्थानमा लैजाने र विपद्का बेला समुदायले कसरी समन्वय गरेर काम गर्ने भन्ने अभ्यास गरिएको थियो।

कृत्रिम घटना अभ्यासमा सहभागी भएपछि आफूमा मात्र नभई समुदायमै विपद् सामना गर्ने क्षमता बढेको रायको अनुभव छ। "कृत्रिम घटनाको अभ्यासमा सहभागी भएर डुबेको व्यक्तिलाई उद्धार गर्नेदेखि विपद् सम्बन्धी विभिन्न कामबारे सिक्यौं। यसले मेरो मात्र होइन, गाउँकै मानिसहरुको क्षमता अभिवृद्धि भएको छ" उनले भने, "अब यहाँ हुन सक्ने विपद्को घटनाबाट जुध्न समुदाय सक्षम भएको छ।"

तिलाठी कोइलाडी गाउँपालिका-५ को बररझुल्ला टोल बाढीको उच्च जोखिममा रहेको क्षेत्र हो। पूर्वतर्फ कोशी तथा पश्चिमतर्फ महुली र जिता नदी रहेकाले वर्षायाममा नदीमा पानीको सतह बढ्दा बस्ती र खेतीयोग्य जमिन डुबानमा पर्ने गरेको छ। बाढीले घरबस्तीमा क्षति पुऱ्याउनुका साथै स्थानीयको मुख्य जीविकोपार्जनको आधार रहेको कृषि क्षेत्रलाई समेत प्रभावित गर्दै आएको हो।

वर्षेनी आउने बाढीले धानबाली नष्ट गर्दा स्थानीयको जीविकोपार्जनमा प्रत्यक्ष असर पर्ने गरेको तिलाठी कोइलाडी गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश झाले बताए।

"बनरझुल्ला मुख्य रुपमा बाढी प्रभावित क्षेत्र हो। पूर्वमा कोशी र पश्चिममा महुली तथा जिता नदीमा आउने बाढीले बस्ती मात्र होइन, खेत पनि डुबानमा पार्ने गरेको छ" झाले भने, "धानबाली नष्ट हुँदा यहाँ बसोबास गर्नेहरूको जीविकोपार्जनमा समेत समस्या हुने गरेको छ।"

परियोजनाले स्थानीय समुदायलाई पूर्वानुमानमा आधारित पूर्वकार्यबारे जानकारी गराएपछि पूर्वसूचना प्राप्त भएपछि तत्काल के गर्ने, परिवारका सदस्यलाई कसरी सुरक्षित स्थानमा लैजाने, महत्वपूर्ण कागजात र सामग्री कसरी सुरक्षित राख्ने तथा स्थानीय उद्धार संयन्त्रसँग कसरी समन्वय गर्ने भन्ने जानकारीले समुदायको तयारी क्षमता बढाएको छ।

यसको प्रभाव दिनेश कुमार रायको व्यवहारमा पनि देखिन्छ। पहिले बाढी आउँदा के गर्ने भन्ने अन्योलमा रहने उनी अहिले सम्भावित जोखिमको पूर्वानुमान र पूर्वसूचनालाई महत्व दिन थालेका छन्। विपद् व्यवस्थापन केवल सरकारी निकाय वा उद्धारकर्मीको जिम्मेवारी नभई समुदाय आफैं पनि त्यसका लागि तयार हुनुपर्ने रहेछ भन्ने उनको बुझाइ छ।

## चवालीस जिल्लाका ...

चवालीस जिल्लाका १९३ स्थानमा सुपथ मूल्य पसल सञ्चालनमा आउने सूचना अधिकारी मिश्रले जानकारी दिनुभयो। सुपथ मूल्य पसलमा उपभोक्ताले दैनिक उपभोग्य वस्तुमा प्रतिकिलो र प्रतिलिटरमा रु पाँच छुट पाउनेछन्।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np